## दर्ता प्रक्रिया

आवेदकलाई जिल्ला र नगर/गाउँ पालिका (नागरिकता प्रमाणपत्र) अनुसार बोलाइने छ | तपाईको जिल्लाको दर्ता मिति यस वेब-साईटमा प्रकाशन गरिने छ |

आगमनमा सर्व प्रथम कागजपत्र जांच गरिने छ (वेब-साईटमा कागजपत्र अंशमा हेर्नु होला) | यदी तपाईको कागजपत्रहरु देहाय बमोजिमको मापदण्डसंग मेल खाएमा, तपाईले ब्रिटिश आर्मी या सिंगापुर पुलिस कुनमा संलग्न हुन चाहनु हुन्छ, उल्लेख गर्नु पर्नेछ | त्यस पछि सिंगापुर पुलिसको लागि गुलाबी रंग को आबेदन फारम र ब्रिटिश आर्मी को लागि सेतो आबेदन फारम प्रदान गरिने छ | तपाईले यो वेब-साईट पेजको दायाँ तर्फ यी फारमहरुका नमुना देख्न सक्नु हुनेछ | हाम्रा भर्ति सहायकहरु (Recruiting Assistants) ले तपाईहरुलाई फारम भर्न सहयोग गर्नु हुनेछन |

- तपाईले न्यूनतम ८ चोटी अन्डरआर्म हिब्स (Under Arm Heaves ) गर्नु पर्नेछ |
- तपाईको ऊचाई मापन गरिने छ र न्यूनतम १५८ से. मी. हुनु पर्नेछ |
- तपाईको तौल मापन गरिने छ र न्यूनतम ५० किलो वा त्यो भन्दा धेरै हुनु पर्नेछ |

त्यस पछि एरिया रेक्रुटिंग अफिसर (ARO) ले तपाईहरुलाई क्षेत्रीय छनोट (Regional Selection ) को बारेमा जानकारी दिनु हुनेछ | त्यस पछि तपाईले फौजीदारी अभियोग घोषणा फारममा (Criminal Convictions Declaration Form) कुनै फौजीदारी अभियोग लागेको या नलागेको उल्लेख गर्नु पर्नेछ | यसमा पनि तपाईहरुलाई फारम भर्न सहायता गरिने छ |